# साधारण सभामा प्रस्तुत प्रतिवेदन
# २०८२/१२/१०

**श्रीमान् अध्यक्षज्यू,**

**प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरू, कार्य समितिका पदाधिकारी तथा सम्पूर्ण सभा सदस्यज्यूहरू, ज्येष्ठ नागरिकज्यूहरू र गुरुकुल परिवार ।**

धनकुटा जिल्लाको समाजसेवा क्षेत्रका संस्थाहरू अन्तरगत विश्रान्ति मन्दिर, २०४० सालमा स्थापना भई दर्ता नं. १ भएको जिल्लाकै अग्रणी सामाजिक संस्था हो । दाहसंस्कार कार्यलाई सहज बनाउने पवित्र उद्देश्यका साथ विश्रान्ति मन्दिरको स्थापना भएको हो । धनकुटेलीहरूको गौरवमय संस्था ४२ औं वर्ष पूरा भई जवान भएको छ । यसै सन्दर्भमा आज नियमित साधारण सभा तथा अधिवेशन सभामा उपस्थित हुनुभएका सम्पूर्ण सभा सदस्यज्यूहरू, प्रमुख अतिथिज्यू , आमन्त्रित अतिथिज्यूहरूमा हार्दिक अभिवादन व्यक्त गर्दछु । यो अवधिमा संस्था दृष्टिकोणमुखी भएको छ । नेपालमा स्थापित संस्थाका रुपमा यस संस्थाले पनि धार्मिक तथा सामाजिक कार्यको संयोजनबाट विभिन्न कार्यहरू सम्पादन गरी आएको ब्यहोरा अनुरोध गर्न चाहन्छु । यस अवसरमा संस्थापकज्यूहरूलाई सम्झनु संस्थागत कर्तव्य हुनेछ । स्व.रामनारायण श्रेष्ठ संस्थापक अध्यक्ष, जसको दृष्टिकोणबाट संस्था जन्मियो, हुर्कियो र यहाँसम्म आईपुगेको छ । त्यसै गरी उपाध्यक्ष स्व. कृष्णप्रसाद वस्तीले न्वारन र कर्म दिनुभयो । स्व. गोविन्दप्रसाद जोशी, स्व. पहलमान प्रधान, स्व. इन्द्रमणी श्रेष्ठ, स्व.सूर्यनारायण श्रेष्ठ, स्व.गंगाबहादुर श्रेष्ठ, स्व.कृष्णमान श्रेष्ठ, स्व. अमरबहादुर थापा, स्व. निलबहादुर घिमिरेहरू रहनुभएको थियो । जीवित एक मात्र संस्थापक वर्तमान अध्यक्ष शारदा प्रसाद मिश्रज्यूको साथ पाइरहेका छौं । व्यवस्थापक स्व. शिवप्रसाद पोखेल र विश्रान्ति परिसरको बगैंचा सहितको जग्गा दाता स्व. हरिप्रसाद घिमिरे सहितको संलग्नताले संस्थाले जन्मिने जीवन पाउने र ४२ औं वर्षसम्म हिडिरहने स्वास्थ्यता प्राप्त गरेको छ । त्यसैगरी जग्गा दाता स्व. तीर्थवहादुर श्रेष्ठ, स्व. अमरबहादुर थापा, श्रीमती मनमायाँ थापा क्षेत्री  तथा वहाँहरूको सम्पूर्ण परिवारमा सम्मान ब्यक्त गर्दछौ ।  मिति २०८२ फाल्गुन ३ गते रविबार पहिलो पटक बोलाइएको साधारण सभामा विश्रान्ति मन्दिरको विधान २०४० संसोधन २०६५ को परिच्छेद ५ को दफा १७ वमोजिम गणपूरक संख्या नपुगेको हुँदा परिच्छेद ५ को दफा १० उपनियम ३ र ४ अनुसार आ.व.२०८१/०८२ को लागि आज दोस्रो पटक साधारण सभा बोलाइएको यो गरिमामय सभा समक्ष निवेदन गर्दछु । वर्तमान समयमा विश्रान्तिको संरचनामा १५ सदस्यीय मूल समिति रहेको छ । यसको मातहतमा ११ सदस्यीय उप-समिति रहेको छ । साथै तेह्र ओटा विभिन्न विभागहरू रहेका छन् । त्यसैगरी धनकुटादेखि काठमाण्डौंसम्म विश्रान्ति आमा (विश्रान्तिलाई आमा चाहियो) अभियान क्रियाशील रहेको छ साथै धनकुटामा विश्रान्ति युवा सरोकार समाज गठन भई विश्रान्ति संगठन भित्र मूल समिति,  विभिन्न उप समितिहरू, विभागहरू, समाज आदि सबै संयन्त्रहरू सञ्चालनमा रहेका छन् ।

साथै आज अधिवेशन सभा पनि हो । सम्पूर्ण सभासद महानुभावहरूमा यो समितिको चार वर्षे विगत कार्य अवधिको समग्र समीक्षात्मक जानकारी गराउनु पनि हाम्रो कर्तब्य हुन आउँछ । यो कार्यअवधि भित्र संस्थाको दाता पुस्तिकामा उपस्थिति जनाउनु हुने ३० हजार भन्दा बढी भक्तहरू यस आश्रममा आउनु भएको तथ्याङ्क हामीसँग रहेको छ । मुलुकका विशिष्ट व्यक्तित्वहरू करिव ७५–८० जना आउनु भएको छ । यस्ता विशिष्ट व्यक्तित्वहरूमा आध्यात्मिक चिन्तकहरू, साधकहरू, जगतगुरु, वालयोगी (गुरुआदित्य) मन्त्रीज्यूहरू, पूर्वमन्त्रीज्यूहरू, उद्योगपतिज्यूहरू, विश्वविद्यालयका उपकुलपति, स्थानीय निकायका प्रमुख सहितका अवलोकन, निरीक्षण, भ्रमणहरू, राष्ट्रिय ज्येष्ठनागरिक अधिकार कर्मीज्यूहरू, प्रशासकज्यूहरू, महिला वालवालिका मन्त्रालयका प्रमुख तथा प्रतिनिधिज्यूहरू, राष्ट्रिय अन्तर्राष्ट्रिय उचाईप्राप्त साहित्यकारहरू, चिन्तकहरू, शिव पाञ्चायन मन्दिरको दर्शन तथा विभिन्न पर्वहरूमा पाल्नुहुने भक्तहरू र

मलामीका रुपमा आउनु हुने लाखौं व्यक्ति विश्रान्ति परिसरमा यो कार्यकाल अवधि भित्र आउनु भएको छ । यो अवधिमा १३ जना आश्रित ज्येष्ठ नाागरिकहरूको मृत्यु भएको छ । आर्थिक रुपले विपन्न महानुभावहरूले आफ्ना माता/पितालगायतको काजकृया विश्रान्ति मन्दिर परिसरमा बसेर गर्ने कार्यका लागि संस्थाले काजकृया स्थल, ब्राम्हण तथा संस्थामा उपलब्ध सामग्री निःशुल्क व्यवस्था मिलाइएको छ । आफ्नो केही नभएको र आफन्त सहयोगी कोही नभएका दर्जनौं व्यक्तिहरूको मृत्यु संस्कारका सम्पूर्ण कार्य संस्थाले गरिदिएको छ । यो अवधिमा नवोरात्रोत्सव, श्रीमद्भागवत महापुराण तथा शिवमहापुराण लगायतका ठूला तथा दर्जनौ धार्मिक अनुष्ठानहरू सम्पन्न भएका छन । चालु कार्य अवधिमा धनकुटा जिल्लाले गौरव गर्न लायक र अत्यन्तै आवश्यक रहेको गुरुकुलीय शिक्षामा कक्षा ६ देखि ९  सम्म जम्मा ३५ जना वटुक तथा कर्मकाण्ड प्रशिक्षण कार्यक्रम बाट दर्जनौ प्रशिक्षार्थीहरू उत्पादन भएका छन । प्रत्येक आर्थिक वर्षको आन्तरिक तथा वाह्य लेखा परीक्षण प्रतिवेदन सहितको विधिवत् साधारण सभा ठिक ठिक समयमा भएका छन् । संस्थाले करिव ३ रोपनी जमिन मन्दिर परिसर तमर नदीपारी दान प्राप्त गरेको छ । चालु अवधिमा संस्था सञ्चालनका लागि आवश्यक पर्ने विभिन्न ४ वटा निर्देशिकाहरू समेत  तयार भई कार्यान्वयन गरिएको छ । समितिको विभिन्न अभियानहरू सञ्चालन गरी संस्थाको कोषमा चालु कार्य अवधिमा शिव महापुराणमा सङ्कलन भएको रु १ करोड सहित करिव २ करोड रकम थप सङ्कलन भएको छ । आर्थिक र अन्य गतिविधि सार्वजनिक गर्न वेभसाइट निर्माण गरी श्रेस्ताहरू राख्ने, विगत दशौ वर्ष देखिका सम्पूर्ण दाताहरूको विवरण, आजीवन सदस्यहरूको विवरण, दाहसंस्कारका तिथि मिति सहितको विवरण लगायत विश्रान्तिधामका सम्पूर्ण विवरणहरू वेभसाइटमा उपलब्ध रहेको छ । सामाजिक सञ्जाल र स्थानीय सञ्चार साधनहरूको प्रयोग गरी विश्रान्ति सम्वन्धि कार्यक्रम (विश्रान्ति अपडेट) निरन्तर स्थानीय सञ्चार माध्यमको सहकार्यमा दैनिक प्रसारण हुँदै रहेको छ ।

## आ.व. २०८१/०८२ मा संस्थाले सञ्चालन गरेका कार्यक्रमहरू निम्नानुसार रहेका छन् -

- **वृद्धाश्रम सञ्चालन कार्यक्रम**

यो आ.व मा ४० जना जेष्ठ नागरिकहरू नियमित रुपमा आश्रित हुनुहुन्छ भने अनियमित रुपमा ४-५ जना बेला बखत बढिमा १ महिना देखि २ महिनासम्म बस्न आउने परम्परा रहेको छ । यस वर्ष जम्मा ३ जना जेष्ठ नागरिकहरूको स्वर्गारोहण भई वहाँहरूको काजकृया विश्रान्ति मन्दिरले गरेको छ । साथै साधु, सन्त, महन्त समेत बेलाबखत आउने गर्नुहुन्छ । आश्रमको भरण पोषणको लागि मुख्य स्रोत दाता मानार्थ सदस्य श्री कृष्णगोपाल श्रेष्ठले वार्षिक २५ क्विन्टल चामल प्रदान गर्नुभएको छ । चालु आ.व.मा प्रदेश सरकारबाट जिल्ला स्वास्थ्य कार्यालय मार्फत रु.२ लाख वृद्धाश्रम सञ्चालनका लागि अनुदान प्राप्त भएको छ । साथै विभिन्न दाताहरूबाट बेलावखत विभिन्न सहयोगहरू जस्तै न्यानो कपडा, खाना, खाजा, चाउचाउ, फलफुल, विस्कुट, सरसफाई कार्यका लागि सावुन, दाँत सफा गर्ने व्रस, पेष्ट दाह्री/कपाल काटिदिने आदि सहयोगहरू प्राप्त हुने गरेका छन् । धनकुटा नगरपालिकाबाट सरसफाइका लागि १ जना कर्मचारीको व्यवस्था भएको छ । सब्जीपसले विष्णुमाया मगरले विगत दशकौंदेखि आश्रममा गर्नुभएको सहयोग सामाजिक सञ्जालमा हजारौं माझ व्यापक भएको स्मरण गर्दै प्रशंसा र सम्मान गर्न चाहन्छु ।

- **दाहसंस्कार कार्यक्रम**

दाहसंस्कार कार्य गर्ने घाटहरू मध्येको मुख्य घाट भएकाले नै यो ठाउँको नाम मूलघाट रहन गएको हो । दाह संस्कारकैलागि संस्था जन्मिएको हो । विभिन्न धार्मिक पृष्ठभूमि भएका पूर्वी क्षेत्रमा बसोवास गर्ने मानिसहरूको देहावसान हुँदा विश्रान्ति परिसरमा ल्याउन पाएक पर्ने लाशहरू जलाउने, गाड्ने जस्ता कार्यहरूको व्यवस्थापन संस्थाले गरिआएको छ । बार्षिक २०० भन्दा बढी शवहरूको दाहसंस्कार यो परिसरमा हुने गर्दछ । मृत्यु संस्कार सुधार सचेतना अभियान, घाट सरसफाइ अभियान, सत्गत लगायत

अन्त्येष्टि व्यवस्थापनको कार्य सञ्चालन गरिएको छ । विगत वर्षहरूदेखि दाउरा प्राप्त गर्न धेरै कठिनाइ भएको कारण दाह भट्टी निर्माण गरीएको थियो । वर्तमान समयमा बाढी प्रभावको कारण प्राय सबै क्षतिग्रस्त भई मुख्य मेसिनमा समेत समस्या आएकाले हाल दाह भट्टी सञ्चालनमा रहेको छैन ।

- **धार्मिक कार्यक्रम सञ्चालन**

विश्रान्ति मन्दिर शिवपाञ्चायन सहितको मन्दिर हो । यहाँ विभिन्न समयमा धार्मिक कार्यक्रमहरू सञ्चालन हुने गर्दछन् । हाल विश्रान्ति मन्दिरले स्वामी विजयानन्द सरस्वती र आचार्यज्यूलाई पाएको छ । मन्दिरमा विधिपूर्वक पूजाआजा हुने, यस क्षेत्रमा दाह भएका सम्पूर्ण पितृहरूको स्मरणमा मन्दिर परिसरमा रहेको पितृ स्तम्भमा दैनिक तपर्ण कार्यक्रम संचालन भएको छ । नवरात्र, शिवरात्री पर्व, श्रावणमास आदि पर्वहरूमा विशेष पाठ-पारायण हुने गरेको छ । त्यसैगरी शिवरात्री पर्व, बाला चतुर्दशी पर्व, साउने सोमबारहरूका पर्वहरूमा धेरै भक्तहरूको आगमन हुने गर्दछ । विहान बेलुकीको पूजा आराधना, भजन कीर्तन, मकर संकान्ति स्नान, श्री स्वस्थानी व्रत कथा सञ्चालन, तीज-पर्व, ऋषि-पञ्चमी पर्व, नियमित पूजा आराधना र विभिन्न समयमा पुराणहरू (एकाह पुराण, अखण्ड पुराण, सप्ताह पुराणहरू) लगाउने जस्ता कार्यहरू हुने गर्दछन् । यसका साथमा जेष्ठ नागरिकहरूका लागि विभिन्न धार्मिक मनोरञ्जनहरू समेत सञ्चालन गरिएको छ । यसैगरी सामाजिक कार्यहरू अन्तर्गत विवाह, ब्रतवन्ध, काजक्रिया आदि सञ्चालित छन् । यो कार्यक्रम सञ्चालनको स्रोतमा संस्थाको आन्तरिक स्रोत र विभिन्न भक्तजनहरूबाट हुने गरेको छ । विश्रान्ति परिसरमा प्राप्त एकेश्वर लिङ्गात्मक रुद्राक्ष प्राप्त भएपश्चात सो रुद्राक्षलाई सार्वजनिकीकरण गरियो । हरेक वर्षको शिवरात्रीका दिन सुरक्षाका विच विशेष कार्यक्रम सहित मन्दिर परिसर परिक्रमा पश्चात् प्रदर्शन गरिन्छ, फलस्वरुप धार्मिक व्यक्तिहरू धेरै जिज्ञासु बन्नु भएको सकारात्मक चर्चा बढेको पाइएको छ । यहि चैत्र ६ गतेदेखि हिजो सम्म चार दिवसीय गायत्री पुरश्चरण कार्यक्रम सम्पन्न भई आज फूल प्रसादी वितरण कार्यक्रम रहेको छ । एकेश्वर लिङ्गात्मक रुद्राक्ष (भगवान) को आशिर्वाद हाल विश्रान्ति परिसरमा प्राप्त भइरहेको महसुस यो समितिले गरिरहेको छ । शिव महापुराण आयोजना अपूर्व रहेको थियो ।

- **अचल कोष निर्माणमा संलग्नता कार्यक्रम**

संस्था जर्जर आर्थिक अवस्थाबाट गुज्रिरहेको बेला अचल कोष निर्माण गरी सदियौंसम्म आश्रम सञ्चालनार्थ र ज्येष्ठ नागरिकहरूको भरण पोषणका लागि भनी “रु १ मा १ करोड अभियान” कार्यक्रमको नाम दिई अभियान शुरु गरेका थियौं । रकम अक्षयकोषका रुपमा अचल कोषमा जम्मा भएको छ । यसको मुख्य स्रोतमा व्यापक रुपमा भक्तहरू परिचालित भई स्थानीय, राष्ट्रिय, अन्तराष्ट्रिय (प्रवासी) विभिन्न व्यक्तिहरूबाट रकम संकलन गरिएको हो । साथै रु.१।- मा एक करोड अभियानका सम्पूर्ण दाताहरूको शिलालेखीकरण पितृ स्तम्भ उद्यान र हरिहर भवन निर्माणमा संलग्न दाताहरूको नामावली पनि शिलालेखिकरण टाँस भइसकेको छ । रु. १ ।- मा एक करोड अभियान प्रभावकारिताको कारण नेपालका करिव २ दर्जन जति संस्थाहरूले यो कार्यक्रमको अनुसरण गरेका छन् । कोष निर्माणमा २०८१ फागुन ४ देखि १५ सम्मको शिव महापुराण कार्यक्रम एक ऐतिहासिक सफलता प्राप्त रह्यो ।

- **गुरुकुल र कर्मकाण्ड सञ्चालन कार्यक्रम**

विश्रान्ति मन्दिरका सञ्चालित मुख्य कार्यक्रहरू सामाजिक र आध्यात्मिक गरी समान प्राथमिकताका रुपमा दुवै कार्यक्रम एकसाथ सञ्चालन गर्ने संस्थाको योजना अनुरुप कार्य भएको छ । संस्थाको वास्तविक प्राण विद्वत् गतिविधि र आध्यात्मिक साधना केन्द्र बनाउने संस्थाको उद्देश्य अनुरुप गुरुकुलीय पद्धतिवाट विद्यालय सञ्चालन कार्य विधिवत र वैधानिक रुपमा सञ्चालन भईरहेको छ । चालु शैक्षिक सत्रमा कक्षा नौ सञ्चालनमा रहेको छ । उप्रान्त कक्षा १० सम्म सञ्चालन गर्ने योजना अनुरुप निर्णय भएर प्रकृयाहरू अगाडी बढेका छन् । कर्मकाण्ड प्रशिक्षण कार्यक्रम समेत प्रभावकारी रुपमा सञ्चालित हुँदै रहेको छ ।

- **गौशाला सञ्चालन कार्यक्रम**

वर्तमान समयमा ७ वटा गाईहरू गौशालामा रहेका छन् । गौसेवा जेष्ठ नागरिकको सहभागीतामा हुने गरेको छ । गौशालाबाट प्राप्त गोबरबाट गोबर ग्यास उत्पादन गरिएको थियो । गोबर मलको अधिकतम उपयोग भएको छ । दूध, दही, ध्यू, मोही सम्पूर्ण आश्रित जेष्ठ नागरिकहरू र वटुकहरूले उपभोग गर्दछन् । गौशाला सञ्चालनको मुख्य स्रोत संस्था र गौ भक्तहरूबाट भएको छ ।

- **स्वास्थ्य सेवा कार्यक्रम**

विगत ३०औं वर्ष देखि यो कार्यक्रम संस्थाको आफ्नै स्रोत र पहलमा आश्रमबासी जेष्ठ नागरिक लगायत वरिपरिका गा.वि.स हरूमा सेवा प्रदान गरी आएकोमा विगत केहि वर्षदेखि नेपाल सरकारको स्वास्थ्य सेवा एकाई कार्यक्रम अन्तर्गत धनकुटा नगरपालिकाले संयोजन गरेको छ । वडा नं. ८ र ९ लगायत २ वटा गाँउ पालिकाका पायक पर्ने विपन्न परिवारका बिरामीहरूलाई स्वास्थ्य सेवा उपलब्ध रहेको छ । यस कार्यक्रम अन्तरगत मासिक करिव २०० जना (विपन्न परिवार जसको धनकुटा र धरानसम्म स्वास्थ्य उपचार पहुँच हुँदैन) भन्दा बढिले स्वास्थ्य सेवा प्राप्त गरेका छन् । विश्रान्ति परिसरमा रहने स्वास्थ्य सुविधा जागिरे प्रवृति भन्दा सेवाभाव प्रधान हुन अनिवार्य छ । यसैगरी विगत वर्षहरू देखि नै आश्रममा औषधी प्रदान गर्नुहुने सुशीलचन्द्र अटल विराटनगरबाट मंहगो औषधी निःशुल्क उपलब्ध गराउनु भएको छ । त्यस्तै विर्तामोड धरान ल्यावका प्रोपाइटर डा. नरेन्द्रदेव चौधरीले खाद्य सामाग्री, गुरुकुलका वटुकहरूका लागि कपी कलमहरू प्रदान गर्नुका साथै नियमित रक्त परिक्षण र आवश्यकता अनुसारका औषधीहरू उपलब्ध गराउनु भएको छ । त्यसैगरी अन्य स्वास्थ्य संस्था, जिल्ला अस्पताल धनकुटा, रामप्रसाद पोखेल आँखा अस्पताल धनकुटाबाट समय समयमा सेवा प्राप्त भएको छ । अस्पताल सञ्चालन भएको भवन दाता श्री कृष्ण गोपाल श्रेष्ठज्यूले निर्माण गरी विश्रान्ति मन्दिरलाई प्रदान गर्नु भएको हो ।

- **मौसमी आयआर्जन कार्यक्रम**

संस्था सञ्चालनका लागि मौसमी आयआर्जन कार्यक्रम पनि सञ्चालन गरिएको थियो । जगंलमा त्यसै खेरजाने बेलवाट पेय पदार्थ र जाम वनाउन सकिने अध्ययनवाट निकालिएको निश्कर्ष अनुरुप आयुर्वेदिक सर्वत उत्पादनमा सफल भएका छौं । बेलको सर्वत विगत समय देखि नियमित रुपमा बनाउने, विक्रि गर्ने आश्रित जेष्ठ नागरिकहरूले उपभोग गर्ने र आएको नाफाको शत प्रतिशत वृद्धाश्रम सञ्चालनमा खर्च गर्ने गरिएको छ । विगत वर्षहरूमा घरेलु विभागबाट आयोजित कार्यक्रममा विश्रान्ति उद्योगबाट उत्पादित बेलको सर्वतले जिल्ला, क्षेत्र र राष्ट्रिय प्रदर्शनीमा समेत नेपालकै सर्वोत्कृष्ट पेय पदार्थ घोषित भएको थियो । कार्यक्रम विश्रान्तिको आफ्नै स्रोतबाट सञ्चालित छ ।

- **धार्मिक वन कार्यक्रम**

नेपाल सरकारबाट संस्थाले करिब ६०० रोपनी जमिन धार्मिक वनका रुपमा प्राप्त गरेको छ । यो वन विकासका लागि आयुर्वेदिक वनस्पतिलाई महत्व दिदैं बिगतमा करिब ५,०००।- भन्दा बढी वृक्षारोपण गरिएको छ । उक्त धार्मिक वनमा भएका बेल र वरिपरिका सामुदायिक वनमा प्राप्त बेल संकलन गरी बेल जुस उत्पादन गरिन्छ । प्राप्त दाउरा खाना पकाउने र होमहोमादी कार्यमा प्रयोग हुन्छ । घाँस तथा स्याउलाहरू गौशालामा प्रयोग गरिन्छ । वृक्षारोपण गरिएका मुख्य विरुवाहरूमा आँप, बेल, तेजपात, खयर, अमला, सरिफा, सिसौ आदि रहेका छन् । धार्मिक वन संस्थाको आफ्नै स्रोतबाट सञ्चालन भएको छ । मूलघाट क्षेत्रमा चौपाया बन्धन नगरी छाडा छोड्नाले धार्मिक वनका धेरै सम्भावनाहरू ओम्फेलमा परेका छन् साथै स्थानीयबाट विविध अतिक्रमण समेत हुन थालेको छ । आगामी वर्षहरूमा पर्यटकहरूका लागि आकर्षक स्थल निर्माण गर्ने सहितको सम्भाव्यता अध्ययन गर्ने योजना रहेको छ ।

- **करेसाबारी सञ्चालन कार्यक्रम**

संस्थाले विगत वर्षहरूदेखि नै अर्गानिक करेसाबारी संचालन गर्दै आएको छ । यसमा साग, बैगुन, फर्सी, करेला, हिउँदे सिमी, सजिवन, टमाटर जस्ता तरकारीहरू उपभोग गर्ने मात्र नभई प्रयोग गरी बढि भएको तरकारीलाई विक्री समेत गर्ने गरेको इतिहास छ । यसैगरी आँप पाक्ने समयमा जेष्ठ नागरिकले प्रयोग गरी बढि भएका आँपहरू विक्री गरी संस्थामा औषत बार्षिक २ लाख ५० हजार आम्दानी जनाइन्छ । राम्रो जातको केरा आफ्नै करेसावारीबाट जेष्ठ नागरिकहरूले नियमित रुपमा उपभोग गर्न पाएका छन् । करेसाबारी सञ्चालन जेष्ठ नागरिकहरूको सक्रियतामा हुने गर्दछ ।

- **पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम सञ्चालन**

विश्रान्ति परिसरभित्र करिब २० रोपनी क्षेत्रफलमा गोठ, कटेरा, मन्दिर, सभा-भवन, शान्ति आाश्रम भवन, स्वास्थ्य भवन गरी जम्मा २९ वटा भन्दा बढि भवन रहेका छन् । १७ वटा भवन बाहेक अन्य भवनहरू भित्रबाट हिलो माटोको जोडाई भएका प्रकारका रहेका छन् । यस्ता भवनका टालटुले काम लगायत नयाँ भवन निर्माण कार्य निरन्तर भईरहेको छ । जेष्ठ नागरिकहरू ८० जना जति अटाउन/राख्न सकिने प्रकारको वर्तमान पूर्वाधार क्षमता भएता पनि यस्ता कच्ची भवन खतरामुक्त भने छैनन् । यसको मुख्य स्रोतहरूमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, शहरी विकास मन्त्रालय, स्थानीय निकायहरू तथा विभिन्न दाता महानुभावहरू रहनु भएको छ । चालु आ.व.मा तमोर नदि र गुर्धुम खहरेको वितण्डाको कारण हरिहर भवन र पितृ भवनको तल्लो भागमा थुप्रिएको बालुवा भिमदलगण सल्लेरी व्यारेक धनकुटाबाट सफाइ गर्न सहयोग प्राप्त भएको हो ।

- **विश्रान्ति मन्दिरको सदस्यता कार्यक्रम**

हाम्रो संस्थामा आवद्ध आजीवन सदस्यहरूको संख्या दुई हजार भन्दा बढी रहेको छ । मानार्थ सदस्यता संस्थाको गरिमा हो । मरणोपरान्त संस्थापक अध्यक्ष स्व. रामनारायण श्रेष्ठज्यूलाई वहाँको संस्थाप्रतिको योगदान सम्मान हो । श्री कृष्णगोपाल श्रेष्ठज्यू अन्न, स्वास्थ्य, जल तथा आवास दानवीरका रुपमा सम्मान गरिएको थियो । चालु कार्य अवधिको पहिलो वर्षमा प्रा.डा. तीर्थप्रसाद मिश्रज्यूले राष्ट्र, अन्तर्राष्ट्रय क्षेत्र र विश्रान्ति मन्दिरलाई पुऱ्याउनु भएको योगदानको सम्मान हो । हालसम्म तीन जना राष्ट्रिय व्यक्तित्वहरूलाई मानार्थ सदस्यता प्रदान गरिएको छ । साथै यो कार्य अवधिमा साधारण सदस्यता तथा विश्रान्तिलाई आमा चाहियो अभियानमा हजारौ आमाहरू सहभागि कार्यक्रम अत्यन्तै सफल रहेको समिक्षा तथा परिचर्चा पटक पटक हुने गरेको स्मरण गर्न चाहन्छु ।

## आगामी बर्षहरूमा सञ्चालन गरिने कार्यक्रमहरू

- आश्रममा रहेका हिलो माटो जडित पुराना जीर्ण भवनहरू हटाउँदै भूकम्प प्रतिरोधात्मक सुविधायुक्त ज्येष्ठ नागरिक आवास तथा गुरुकुल आवासहरू क्रमशः निर्माण गर्दै लगिनेछ ।
- मन्दिर प्रवेशद्वार अगाडिको गुर्दुम खहरे र तमोरी गंगाका चकचकहरूको भोगाई मुख्यरुपमा सम्झना योग्य रहेका छन् । अतिक्रमण न्यूनिकरणका उपायहरू खोजिगरी तटवन्धन तथा पर्खाल निर्माण कार्यहरू क्रमशः गरिदै लगिनेछ ।
- विश्रान्ति परिसरमा पाल्नु हुने सवै प्रकारका पर्यटकहरूलाई आकर्षण गराउन विभिन्न बाटिकाहरू निर्माण गरिनेछ ।
- दाता स्व. तिर्थबहादुर श्रेष्ठ (मुखिया) बाट दान स्वरुप प्राप्त करिव २० रोपनी 'तीर्थबारी' को जमिनमा सञ्चालन गर्न सकिने कार्यक्रमहरू बारे अध्ययन प्रारम्भ गरी प्राप्त निष्कर्षलाई कार्यान्वयन गरिनेछ ।
- विश्रान्ति मन्दिर परिसरमा वार्षिक रुपमा कम्तिमा एउटा अनुष्ठान भव्य रुपमा सम्पन्न गरिनेछ ।

- दाह भट्टी परिसरमा भएको विनासका कारण पुनर्निर्माण गर्नै पर्ने सार्वजनिक महत्वको दाह भट्टी, मलामी कटेरा, मलामी खाजा घर, अस्थायी शौचालयहरू निर्माण गरिने छ ।
- मन्दिर वरिपरी, हरिहर भवन र पितृ भवन प्राङ्गणमा स्थानीय ढुङ्गा छपान कार्य गरिने छ ।
- शिव महापुराण आयोजनाका क्रममा प्राप्त निश्चित रकम भन्दा माथिका दाताहरूको सम्मानका लागि दाता नामावली शिलालेखिकरण कार्य गरिनेछ ।
- ज्येष्ठ नागरिक पूर्ण आश्रित आवासीय संख्या बढोत्तरी गरी नेपाल सरकारको मापदण्ड अनुरुपको आवास व्यवस्थापन कार्य व्यवस्थित गर्दै लगिने छ ।
- ज्येष्ठ नागरिक संघ धनकुटाका केही वडाहरूका कार्यक्रमसँग सहकार्य गरी आश्रम परिसर भन्दा बाहिर समेत हाम्रा ज्येष्ठ नागरिक कार्यक्रमहरूलाई बढवा गरिदै लगिनेछ ।
- प्रकृति मानव केन्द्रित अभियान अन्तर्गत धार्मिक वन, विश्रान्ति परिसर स्थल लगायतका क्षेत्रहरूमा नवविकास मोडल वारे अध्ययन प्रारम्भ गरिनेछ ।
- हाल जीर्ण रहेको कच्ची पुरानो सभा भवनलाई पुननिर्माण गरी विविध ठूला उत्सवको भोजन प्रयोजन स्थल र तला माथि अपाङ्गमैत्री आवास स्थल निर्माण गरिने छ ।
- गुरुकुलम् र कर्मकाण्ड केन्द्रित योजनाहरूलाई अलग्गै अचलकोष सहितको प्रभावकारी कार्यक्रम कार्यान्वयन गरिनेछ । साथै पुस्तकालय, विश्रान्ति मुखपत्र प्रकाशन तथा योगसाधना स्थल समेतलाई क्रमशः व्यवस्थित र कार्यान्वयन गरिनेछ ।
- पिउने पानी ट्याङ्की जीर्ण भएकाले पुनर्निर्माण तथा वैकल्पिक उपायहरूको खोजी गरी आवास क्षेत्रमा पिउने पानी व्यवस्थित गरिने छ ।
- वृद्धग्राम निर्माण कार्यलाई प्राथमिकताका साथ अध्ययन प्रारम्भ गरिनेछ ।
- आध्यात्मिक तथा धार्मिक पर्यटकीय विकासलाई विश्रान्ति मन्दिरले अबको चुनौति मानी त्यस्ता कार्यक्रमहरूलाई संस्थाको केन्द्रीय कार्यक्रमका रुपमा लिएर सो अनुसारका नीति तथा गतिविधिहरू क्रमशः सञ्चालन गरिनेछन् ।
- सिसि क्यामेराको व्यवस्था, सुरक्षा गार्डको व्यवस्था तथा स्थानीय सुरक्षा निकायहरूसँगको सहकार्यमा विश्रान्ति परिसरको आन्तरिक सुरक्षाको आवश्यक व्यवस्था मिलाइने छ ।
- विश्रान्ति मन्दिर स्थापना देखि वर्तमान समय सम्मका विभिन्न गतिविधि सहित समेटिएको निर्माणाधिन डकुमेन्ट्रीलाई पूर्णता दिइ प्रशारण गरिने छ ।
- ठूलो स्कीनको T.V को प्रयोगबाट आश्रम भित्र धार्मिक गतिविधि निरन्तर प्रशारण गरिने व्यवस्था मिलाइने छ ।
- आगामी कार्यकाल भित्र एक छुट्टै दाहसस्कार कोष निर्माण गरी निम्न आयस्तर भएका परिवारका सदस्यको मृत्यु हुँदा पूर्ण वा आंशिक रुपमा दाह इन्धनमा छुट गराउने व्यवस्था मिलाईने छ ।

## विश्रान्तिधामका विद्यमान समस्या तथा चुनौतिहरू :

- संस्थाका दुख/सुख, उतार/चडाव, आफ्नै ठाँउमा चलिरहने एउटा प्रकृया नै होला । अक्षय कोषको ब्याजमा निर्भर रहेका हाम्रो जस्तो संस्था राष्ट्रिय अन्तराष्ट्रिय दुर्गतिका कारण वैंकहरूले प्रदान गर्ने ब्याज अत्यन्तै न्यून प्राप्त भएकाले संस्था सञ्चालनमा ठूलो सकस परेको छ । क्रमशः आत्म निर्भरता टुटने पो हो कि ? भन्ने सङ्का संस्थामा पैदा हुँदैरहेको छ ।

## १ मानवीय समस्या

**क) स्वयम् सेवा भावको समस्या** (आश्रित ज्येष्ठ नागरिकमा, अशक्त वृद्ध सेवा गर्ने सेवकमा, कर्मचारीहरूमा, विभिन्न जिम्मेवारीमा रहनु भएका सदस्यहरूमा)

**ख) वृद्ध सम्बन्धि रोगहरू** (शारीरिक, मानसिक वुढ्यौली, तथा अल्जाईमर)

**ग) आश्रित जेष्ठ नागरिकको विद्यमान अवस्था**

- अधिकाशं शारीरिक तथा मानसिक अपाङ्गता
- स्वभाव, भावना, व्यवहार आदिका कारण परिवारवाट विस्थापित भएका
- स्वविवेक प्रयोग वा स्वनिर्णय क्षमताको अभाव भएका जेष्ठ नागरिकहरूको बाहुल्यता
- जीवनभर अन्य व्यक्तिसँग आश्रित स्वभाव
- त्यागको भावमा अभाव, लोभ लालचमा प्रोत्साहित, मरण साश्वत भएको भाव विकास र परलौकिक तथा वैराग्य भावको अभाव,

**घ) स्वक्षमता पहिचानको अभाव**

- आश्रित ज्येष्ठ नागरिकहरूमा आफू वास्तवमै अपहेलित, विपन्न, रोगी, पीडित र कमजोर भएको भाव अरुलाई प्रस्तुत गर्ने, आफूलाई दया गरुन् भन्न रुचाउने साथै आश्रित भन्दा अधिकार सम्झने र घुर्क्याउने ।

## संस्थागत सुरक्षा चुनौती :

- नदी नियन्त्रणका लागि प्रयोग भएको जाली सहितको भरीएको ढुङ्गा चोरी भएको, नदी क्षेत्रबाट पर्यटक तथा मानसिक समस्या रहेका आश्रमबासीहरूलाई पटक-पटक नदीले बगाएको, मन्दिर परिसर नदी किनारबाट वालुवा ढुङ्गाहरू बाहिर लाने गरेको, मन्दिर परिसरमा दुर्व्यसनी हर्कतहरू गर्ने गरिएको, राखिएका सूचना वोर्डहरू भत्काई दिने ।
- आश्रममा आश्रित कतिपय पहिचान नखुलेका ज्येष्ठ नागरिकहरूसँग नागरिकता नभएर राष्ट्रबाट प्राप्त गर्ने सेवा सुविधाबाट वञ्चित छन् ।
- विश्रान्ति मन्दिर आश्रमको नाममा वाहिरी जिल्लाहरूमा अनधिकृत रुपमा आर्थिक सहयोग उठाउने गरेको साथै एउटा झुण्डले विश्रान्तिका विरुद्धमा अनर्गल हर्कत, जग्गा नापि  तथा सहयोग रसिद छपाउने जस्ता दुस्प्रयास भएको छ । यस्ता हर्कत निस्तेज गर्न जरुरी छ ।
- संस्था क्रमशः पूर्वाधार सम्पन्न हुँदै रहेको छ, भौतिक सामाग्री सम्पन्न हुँदै रहेको छ, भक्तजन तथा आन्तरिक धार्मिक पर्यटकहरूको संख्या क्रमशः वढ्दै गएको छ, ऐकेश्वर लिङ्गात्मक रुद्राक्ष सहितको सुरक्षा चुनौती रहेको छ, त्यसैले दिनप्रतिदिन आन्तरिक सुरक्षा चुनौति वढ्दो रुपमा देखिन्छ ।
- विश्रान्ति धार्मिक वनमा भएका रुख विरुवा काट्ने, चोर्ने, चौपाय छाडा छोड्ने जमिन अतिक्रमण गर्ने जस्ता विविध किसिमका संरक्षण चुनौतीहरू रहेका छन् ।

**२ ) भौतिक**

**क)** बढ्दो महंगीको कारण आर्थिक चुनौति (तलव, स्वस्थ्य उपचार, भरण, पोषण, लत्ता कपडा, सरसफाई, दक्ष जनशक्ति)

**ख)** वृद्ध मैत्री, अपाङ्गमैत्री, भूकम्प प्रतिरोधात्मक सुविधा सम्पन्न बसोवास

**ग)**  मनोक्रियात्मक व्यस्त गराउने साधनहरूको अभाव

**घ)** नियमित सतसङ्ग गराउने योग्य साधु, सन्त, योगी, विद्वान तथा आध्यात्मिक दर्शनका ज्ञानीको अभाव ।

ङ) आश्रित जेष्ठ नागरिकहरूसंग घुलमेल हुन चाहना गर्ने नयाँ पुस्ता परिचालित कार्यक्रमको अभाव

- **नमूना वृद्धाश्रम र आशातीत लक्षणहरू**

  - कुनै सामाजिक संस्थाले ४२ औं वर्षसम्म निरन्तरता पाइरहनु राष्ट्रका लागि गौरवको विषय हो । प्रण र प्रतिवद्धताका साथ लागि पर्ने सामाजिक संस्थाले स्वयम्सेवक र कार्यकर्ता पाइरहने हो भने अन्य यस्ता सामाजिक संस्थाहरूका लागि नमूना नै बनिरहने छ । यसरी हजारौं हजार सहयोगी हातहरू, सकारात्मक सोचहरू, शुभचिन्तकहरू र सद्‌विचारहरूको उपस्थिति भइरहँदा छिट्टै नेपालको उत्कृष्ट नमूना वृद्धाश्रम बन्ने विश्वास दिलाउन चाहन्छु । वर्तमान समयमा विश्रान्तिधाम संस्कृत गुरुकुल कक्षा ६ देखि ९ सम्म सञ्चालनमा रहेको र कक्षा १० सञ्चालनको मान्यता प्राप्त भईसकेको साथै विश्रान्तिधाम संस्कृत गुरुकुलको परिचर्चा क्रमशः बढ्दो रहेको पाइन्छ ।

    - संस्थाले दर्जनौ मान सम्मान प्रशंसा पत्रहरू प्राप्त गरिसकेको छ ।
    - रु १ मा १ करोड अभियान सफल भएको नेपालकै एक मात्र उदाहरणीय काम विश्रान्ति मन्दिरले गरेको छ । विश्रान्ति मन्दिरको अचल कोष राष्ट्रिय वाणिज्य बैंक धनकुटामा रु.१ करोड, नेपाल बैंक लिमिटेड धनकुटामा रु.१ करोड, कृषि विकास बैंक धनकुटामा रु.१ करोड गरी ३ करोड भन्दा वढी रकम सङ्कलन गरी न्यून व्याजदरमा राखिएको छ । यसका अलवा रु ५ लाख २१ हजार (दाताहरू स्व.गंगामाया काफ्लेबाट रु.६३८७८।, स्व. शकुन्तला श्रेष्ठबाट रु.१७१८७०। र स्व. लक्ष्मी थापा मगरबाट रु.४८,७४६।, शुशिला बैद्यबाट १,३३,१९९।, कमला दाहालबाट रु.१००६००। प्राप्त भएको हो । यसका साथै श्री गोपाल+चन्द्रकला श्रेष्ठ धनकुटा-४ बाट १,००६०६। समेतको अक्षय कोष खोलीएको छ ।
    - धनकुटा जिल्लाका युवाहरू, विश्रान्ति युवा सरोकार समूहको नामबाट विश्रान्तिबाट सञ्चालित हरेक कार्यक्रमहरूमा क्रियाशिल रहनु भएको छ ।
    - धनकुटादेखि काठमाडौंसम्म धनकुटेली छोरी वुहारी लगायत विश्रान्ति भक्त मातृशक्तिहरूलाई केन्द्रित गरी (विश्रान्तिलाई आमा चाहियो) अभियान सञ्चालन भएको थियो जसमा ९०० जना भन्दा बढी साधारण सदस्यका रूपमा क्रियाशील रहनु भएको छ । यसरी धनकुटादेखि काठमाण्डौसम्म र अझै परसम्म सञ्जाल बन्दैछ ।
    - विश्रान्तिले सञ्चालन गरेका कार्यक्रमहरूको अनुसरणहरू गरेका पर्याप्त उदाहरणहरू रहेका छन् । अन्य जिल्लाका उत्साहित सामाजिक संस्थाहरू तथा स्थानीय निकायहरूले विश्रान्ति वृद्धाश्रम तथा विश्रान्तिधाम संस्कृत गुरुकुलका बारेमा अध्ययन तथा अवलोकन गर्ने उद्देश्यमा भ्रमण गर्ने गरेका छन् ।
    - यति हुँदा हुँदै विश्रान्ति परिसरलाई शान्त बनाउनु छ । ओजयुक्त बनाउनु छ । आध्यात्मिक साधना स्थल बनाउनु छ । प्रेमभावमय वातावरण बनाउनु छ । सधैं आत्मिक आनन्द र शितलता प्राप्त गर्न सकिने गरिको पवित्र, आदर्श र तेजस्वी तपोभूमि बनाउनु छ ।
    - हरेक घरमा कलह हुँदा आफ्ना सन्तानलाई अग्रज बुढापाकाहरूले घुर्क्याउने बाहानामा "**अब म विश्रान्तिमा गएर बस्छु**" भन्ने गरेको पाइन्छ ।

***जय विश्रान्ति !***

**२०८२ चैत्र १० गते साधारण सभामा प्रस्तुत ।**

**प्रस्तुतकर्ता**
**जनार्दन घिमिरे** (WD)
**महासचिव**